# विदेशी नागरिक अनुगमन निर्देशिका, २०७५

## १. प्रस्तावना

नेपालभित्र विभिन्न उद्देश्यहरुका साथ हुने विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित व्यवस्थित, सरलिकृत एवं नियन्त्रण गर्ने, विदेशीहरुलाई पदयात्रा अनुमति दिने, विभिन्न प्रकृतिका भिसा जारी गर्ने एवं भिसाको म्याद थप गर्ने, विदेशीहरुलाई कार्यसहमति प्रदान गर्ने लगायतका अध्यागमन सम्बन्धी कार्यहरुलाई पारदर्शी एवं मर्यादित बनाउने सरकारको प्रतिबद्धता अनुरुप विदेशीहरुको आगमन, नेपालको बसाई तथा प्रस्थान अवधिसम्मको व्यवस्थापन व्यवस्थित रुपमा गर्न गराउन उनीहरुको समग्र गतिविधिको अनुगमन गर्ने, गराउने उद्धेश्यका साथ अध्यागमन सुधारको रणनीतिक योजना २०७४-२०७६ को कार्यनीति ४.४ मा उल्लेख भएको "नेपालमा रहेका विदेशी नागरिकहरुको अनुगमनका लागि **विदेशी नागरिक अनुगमन निर्देशिका** निर्माण गरी सोही बमोजिम विदेशी नागरिक उपर निरन्तर अनुगमन गरिने छ" भन्ने बुँदामा आधारित भई गृह मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## २. वर्तमान अवस्थाः

नेपाल भित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवं नियन्त्रण गर्ने समेतका लागि अध्यागमन सम्बन्धी ऐन, नियमावली तथा कार्यविधिबाट कार्य सम्पादन भैरहेको छ । अध्यागमन ऐन, २०४९ ले अध्यागमन विभागका महानिर्देशकलाई नेपाल भित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित, व्यवस्थित र नियन्त्रण गर्ने गराउने दायित्व र जिम्मेवारी तोकेको छ । सोही ऐन अनुसार "विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानसँग सम्बन्धित लिखत अध्यागमन अधिकृत वा महानिर्देशकले तोकेको कर्मचारीले जुनसुकै स्थान र समयमा पनि जाँच गर्न सक्नेछ र तत् सम्बन्धी कागजपत्र आफ्नो नियन्त्रणमा लिन सक्नेछ" भनी उल्लेख भएको पाइन्छ ।

स्पस्ट अनुगमन निर्देशिकाको अभाव, सीमित सांगठनिक संरचना तथा जनशक्ति, श्रोत साधनको कमी आदिले गर्दा गैरकानूनी रुपमा बस्ने विदेशी नागरिकहरुको आवश्यक मात्रामा अनुगमन गर्न नसकिएको अवस्था रहेको छ । अध्यागमन प्रशासनलाई उपचारात्मक सँगसँगै निरोधात्मक रुपमा समेत प्रस्तुत हुनलाई नियमित तथा आकस्मिक रुपमा विदेशी नागरिकहरुको प्रवेश उपस्थिति र प्रस्थानको अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाउन सकेमा अध्यागमन प्रशासन थप सशक्त र प्रभावकारी हुने अपेक्षा गरिएको छ । यसबाट भीसाको नियमितता र सही प्रयोग, सीमा नियन्त्रण, शंकास्पद स्थल, ब्यक्ति, समूह आदिका बारेमा सजगता अपनाउन र राष्ट्रिय सुरक्षा तथा शान्ति सुव्यवस्था कायम गर्न थप मद्दत मिल्नेछ । विदेशी नागरिकहरुको अनुगमन कार्यलाई व्यवस्थित ढंगबाट संचालन गर्नका लागि यस निर्देशिकाबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ३. उद्देश्यः

३.१ विदेशीहरुको नेपाल प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित, व्यवस्थित, सरलिकृत र नियन्त्रण गर्ने।

३.२ विदेशी नागरिकहरुलाई गैर कानूनी रुपमा नेपालमा रहन बस्न नदिने ।

३.३ जुन प्रयोजनका लागि भिसा लिइएको हो सोही प्रयोजनकै लागि भिसाको उपयोग गराउने ।

३.४ अध्यागमन कानून विपरित कार्य गर्ने विदेशी नागरिकहरुलाई प्रचलित कानूनबमोजिम कारवाही गर्ने गराउने ।

३.५ नेपालमा रहँदा वस्दा नेपालका प्रचलित अध्यागमन ऐन नियमका परिधीभित्र रही बस्नु पर्ने विषयका सम्बन्धमा विदेशीहरुलाई अझ बढी जिम्मेवार र जवाफदेही बनाउने ।

## ४. समितिहरुको व्यवस्थाः

### ४.१ केन्द्रीय अनुगमन निर्देशक समितिः

अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा अन्तरनिकाय समन्वय समेतका लागि गृह सचिवको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरु रहेको केन्द्रीय अनुगमन निर्देशक समिति रहने छ ।

| | |
|---|---|
| • सचिव, गृह मन्त्रालय | संयोजक |
| • सहसचिव, सम्बन्धित महाशाखा, गृह मन्त्रालय | सदस्य |
| • सहसचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| • सहसचिव, पर्यटन मन्त्रालय | सदस्य |
| • सहसचिव, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| • प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| • सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल | सदस्य |
| • सह-अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| • महानिर्देशक, अध्यागमन विभाग | सदस्य-सचिव |

### ४.२ केन्द्रीय अनुगमन निर्देशक समितिको काम, कर्तब्य र अधिकारः

१. नेपालमा बसोबास गरेका विदेशीहरुको बारेमा अनुगमन गर्ने/गराउने तथा अवैधरुपमा रहेको पाइएमा कारवाहीको लागि आवश्यक निर्देशन दिने ।

२. जोखिम क्षेत्र र शंकास्पद व्यक्ति एवं स्थल तथा अवैध प्रवेश बिन्दुको पहिचान गर्न लगाई आवश्यक कारवाहीको लागि निर्देशन दिने ।

३. शंकास्पद व्यक्ति, कार्यस्थल इत्यादिको संभाव्यता अध्ययन गर्न लगाई प्रतिवेदन तयार गर्न निर्देशन दिने ।

४. अपराध नियन्त्रण सूचना प्रणाली तयार गर्न लगाउने र उपयोगी सूचनाहरु आदानप्रदान गर्ने संयन्त्र निर्माण गर्ने ।

५. अनुगमनको कार्यमा बाधा, विरोध तथा व्यवधान खडा गर्ने व्यक्तिहरुलाई नियन्त्रणमा लिई आवश्यक कारवाही अघि बढाउन निर्देशन दिने ।

६. त्रैमासिक रुपमा नियमित बैठक बसी विभिन्न माध्यमबाट प्राप्त प्रतिवेदनहरु तथा सूचनाहरुको अध्ययन गरी आवश्यक समन्वय तथा नीतिगत निर्णय लिई कार्यान्वयनमा ल्याउन सम्वद्ध निकायलाई निर्देशन दिने ।

७. समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्य अध्यागमन विभागबाट गरिनेछ । बैठकमा आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिने छ ।

८. समितिलाई आवश्यक पर्ने श्रोत साधन अध्यागमन विभागले व्यवस्थापन गर्नेछ ।

### ४.३ अनुगमन तथा कार्यान्वयन समितिः

केन्द्रीय अनुगमन निर्देशक समितिको प्रत्यक्ष निर्देशनमा रहने गरी देहाय बमोजिमको अनुगमन तथा कार्यान्वयन समिति गठन हुने छ ।

| | |
|---|---|
| • महानिर्देशक अध्यागमन विभाग | संयोजक |
| • प्रमुख अध्यागमन अधिकृत (अध्यागमन कार्यालय, त्रि.अ.वि.) | सदस्य |
| • प्रमुख प्रशासक, नेपाल पर्यटन बोर्ड | सदस्य |
| • शाखा प्रमुख (अध्यागमन हेर्ने) गृह मन्त्रालय | सदस्य |
| • अधिकृत प्रतिनिधि, उद्योग विभाग | सदस्य |
| • अधिकृत प्रतिनिधि, पर्यटन विभाग | सदस्य |
| • अधिकृत प्रतिनिधि, श्रम विभाग | सदस्य |
| • अधिकृत प्रतिनिधि, कन्सुलर सेवा विभाग | सदस्य |
| • निर्देशक, (प्रशासन हेर्ने) अध्यागमन विभाग | सदस्य-सचिव |

### ४.४ अनुगमन तथा कार्यान्वयन समितिका काम, कर्तब्य र अधिकारः

१. जोखिम क्षेत्र, शंकास्पद व्यक्ति, स्थल तथा अवैध प्रवेश बिन्दुको पहिचान गरी आवश्यकतानुसार अनुगमन गर्ने ।

२. शंकास्पद व्यक्तिको पहिचान गरी निजसँग सम्बन्धित दशी-प्रमाण तथा यात्रासँग सम्बन्धित कागजात बरामद गर्ने, नियन्त्रणमा लिने ।

३. अनुगमनको कार्यमा कोही कसैले बाधा विरोध गरेमा त्यस्ता व्यक्तिलाई समेत नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि प्रहरीमा बुझाउने ।
४. गैर कानूनीरुपमा बसेको तथा जुन प्रयोजनका लागि भिसा लिएको हो सो प्रयोजन भन्दा फरक किसिमले भिसाको प्रयोग गरेको, भिसा नियमित नगरी बसेको विदेशीहरुलाई नियन्त्रणमा लिई अध्यागमन विभागमा बुझाउने ।
५. विदेशी नागरिक रहेको जुनसुकै स्थानमा आवश्यकता अनुसार प्रवेश गर्ने, छापा मार्ने, सोधपुछ गर्ने जस्ता कार्यहरु गर्ने ।
६. आवश्यकता अनुसार बैठक बसी भएका काम कारवाही तथा माथिल्लो निकायबाट प्राप्त निर्देशन एवं अन्य विषयहरुमा छलफल गरी आवश्यक निर्णयहरु गर्ने ।
७. समितिको बैठकमा आवश्यकता अनुसार सुरक्षा निकायका पदाधिकारी तथा अन्य सम्बद्ध व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिने छ ।
८. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले बनाउने छ । बैठक व्यवस्थापन सम्बन्धी खर्च अध्यागमन विभागबाट व्यहोरिने छ ।
९. केन्द्रीय अनुगमन निर्देशक समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।
१०. समितिको संयोजकले माथि उल्लिखित कार्यहरु गर्न अध्यागमन विभागका निर्देशक वा अधिकृत वा मातहतका अधिकृतको नेतृत्वमा आवश्यकता अनुसार सुरक्षा निकाय र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरु रहेको टोली खटाउन सक्ने छ ।

## ४.५ जिल्ला अनुगमन समितिः

प्रत्येक जिल्लामा देहाय बमोजिमको अध्यागमन जिल्ला समन्वय समिति गठन हुने छ ।

| | |
|---|---|
| १. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | संयोजक |
| २. प्रमुख, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| ३. प्रमुख, जिल्ला स्थित सशस्त्र प्रहरी बल इकाइ | सदस्य |
| ४. प्रमुख, राष्ट्रिय अनुसन्धान कार्यालय | सदस्य |
| ५. प्रमुख, पर्यटन कार्यालय | सदस्य |
| ६. प्रमुख, श्रम कार्यालय | सदस्य |
| ७. प्रमुख, अध्यागमन कार्यालय | सदस्य-सचिव |

(अध्यागमन कार्यालय नभएको जिल्लामा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले सदस्य सचिवको काम गर्ने छ ।)

## ४.६ जिल्ला अनुगमन समितिको काम, कर्तब्य र अधिकारः

१. जिल्ला भित्र बसोबास गरेका विदेशीहरुको अनुगमन गर्ने ।

२. जिल्ला भित्र नेपाली भिसा लिएर बसोबास गरिरहेका विदेशी नागरिकहरुले प्राप्त भिसा अनुसारको गतिविधि गरे/नगरेको कार्यमा अनुगमन गर्ने । (जस्तैः पर्यटन भिसा लिएर व्यावसायिक कार्यमा वा व्यावसायिक भिसा लिएर अन्य कार्यमा संलग्न भएका ।)

३. जिल्ला भित्र जोखिम क्षेत्र, प्रवेश बिन्दु र शंकास्पद स्थलको पहिचान गरी त्यस्ता ठाँउहरुको निरन्तर निगरानी गर्ने र कानून विपरितका गतिविधि भएको पाइएमा त्यसमा संलग्नलाई आवश्यक कारवाहीको लागि अध्यागमन विभाग वा नजिकको अध्यागमन कार्यालयमा बुझाउने । यसरी प्राप्त भएपछि अध्यागमन विभाग/कार्यालयले अनुसूची १, २, ३ र ४ बमोजिमका खानतलासी पुर्जी, खानतलासी तथा बरामदी मुचुल्का, बरामदी मुचुल्काको भर्पाई र थुनुवा पुर्जी दिई/गरी आवश्यक कारवाही अगाडी बढाउने ।

४. जिल्ला भित्र शंकास्पद व्यक्ति, कार्यस्थल इत्यादिको सम्भाव्यता अध्ययन गरी अनुसूची ५ र ६ बमोजिमका ढाँचामा त्रैमासिक रुपमा मन्त्रालय र अध्यागमन विभागमा प्रतिवेदन पेश गर्ने ।

५. जिल्ला भित्र आपराधिक गतिविधिको सूचना ब्यवस्थापन प्रणाली तयार गरी उपयोगी सूचनाहरु आदान प्रदान गर्ने ।

६. गृह मन्त्रालय, केन्द्रीय अनुगमन निर्देशक समिति तथा कार्यान्वयन समितिबाट जिल्लामा गरिने अनुगमन कार्यमा आवश्यक सहयोग र समन्वय गर्ने ।

७. केन्द्रीय अनुगमन निर्देशक समिति र कार्यान्वयन समितिले गरेका निर्णयहरु तथा समय समयमा दिएको निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

८. आवश्यकता अनुसार समय तालिका बनाई नियमितरुपमा बैठक बसी बैठकमा भएका निर्णयहरु केन्द्रीय अनुगमन निर्देशक समिति तथा कार्यान्वयन समितिमा पठाउने ।

९. जिल्ला अनुगमन समितिलाई आवश्यक पर्ने श्रोत साधन अध्यागमन विभाग मार्फत उपलब्ध गराइनेछ ।

## ५. अनुगमन विधिः

१. अनुगमनमा जाने टोलीले अनुगमन योजना बनाई जोखिम क्षेत्रको नक्साङ्कन तथा जोखिम मूल्याङ्कन गरेर मात्र अनुगमनमा जानु पर्नेछ ।

२. अनुगमन सम्बन्धी कार्य संयमित, व्यवस्थित र गोप्य रहनेछ ।

३. शंकास्पद व्यक्तिहरु रहे बसेको सम्भावित स्थलमा प्रवेश गर्नुपूर्व तत्कालै सो को लिखित जानकारी सो स्थलको स्वामित्ववालालाई दिनु पर्नेछ । परिस्थिति विश्लेषण गरी विना सूचना पनि शंकास्पद स्थलको अनुगमन गर्न सकिनेछ ।

४. अनुगमन गर्ने मिति, समय र स्थान सम्बन्धित समितिले तय गर्नेछ ।

५. अनुगमन समितिका पदाधिकारीहरुले प्रचलित अध्यागमन कानुन बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

६. समितिले गर्ने र गरेका अनुगमन सम्बन्धि क्रियाकलापहरु नियमानुसार गोप्य राख्नु समितिका प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

७. अनुगमनको क्रममा शान्ति सुरक्षाको भरपर्दो व्यवस्था तथा व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको रक्षामा विशेष ध्यान दिईनु पर्नेछ ।

८. राष्ट्रिय सुरक्षा, शान्ति र सुव्यवस्था, सुशासन, सिमानाको रक्षा तथा मानवहित एवं कानूनको शासन आदिलाई मुख्य प्राथमिकतामा राखी विदेशी नागरिकहरुको अनुगमन गरिनेछ ।

## ६. विविधः

१. विदेशी नागरिकहरुको अनुगमनको क्रममा आवश्यक देखिएमा सम्बन्धित देशको नेपाल स्थित विदेशी नियोगलाई जानकारी गराइनेछ ।

२. विदेशी नागरिकहरुको बारेमा सूचना संकलन, व्यवस्थापन तथा गोप्य रुपमा आवश्यक कुराहरु बुझ्न, सुत्र परिचालन लगायतका कार्यहरु गर्न, अध्यागमन विभागका महानिर्देशकले बजेटको परिधिभित्र रही प्रति महिना रु.१००००।-(दश हजार) सम्म खर्च गर्न सक्नेछ ।

३. अनुगमन गरेको दिनको खाना, खाजा तथा तोकिए बमोजिमको भत्ता लगायतका सुविधा अध्यागमन विभाग वा कार्यालयले उपलब्ध गराउनेछ ।

४. अनुगमनको क्रममा शंकास्पद व्यक्ति तथा स्थानमा खानतलासी गर्न दिनु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

५. अनुगमनकर्ता वा अनुगमन समितिलाई सबैले सहयोग गर्नु पर्नेछ ।

६. अनुगमनको क्रममा आवश्यक पर्ने फारम तथा पत्रहरुका नमूना अनूसूचीमा राखिएकोछ ।

**अनुसूची १**

**(दफा ४.६ को उपदफा (३) संग सम्बन्धीत)**

खानतलासी पुर्जीको ढाँचा

नेपाल सरकार

गृह मन्त्रालय

अध्यागमन विभाग, काठमाण्डौं

प.स.

च.नं.

मितिः ...................

श्री .......................................

........................................ ।

विषयः खानतलासी गर्न दिने सम्बन्धमा ।

अवैध रुपमा नेपालमा रहेका विदेशी नागरिकहरुलाई राखेको भनि यस विभागमा प्राप्त सूचनाको आधारमा त्यस घर/होटल/लज/रेष्टुरेन्ट/रिसोर्ट ...................... लगायत अन्य सम्बन्धित स्थानको खानतलासी लिई विदेशी नागरिकहरु लाई पक्राउ गर्नुपर्ने/विदेशी नागरिक सँग सम्बन्धित कागजात/पासपोर्ट/चल सामान कब्जामा लिनुपर्ने भएकोले यो पत्र लिई यस विभागबाट खटिई आएको टोली/अनुगमन समिति/अनुगमन समितिका सदस्यलाई खानतलासी गर्न, विदेशी नागरिकलाई पक्राउ गर्न, पासपोर्ट लगाएतका कागजात/मालसामान/सूचना/प्रमाण कब्जामा लिने समेतका कार्य गर्न दिनुहुन अध्यागमन ऐन २०४९ को दफा ६, ८(२) तथा निर्देशिकाको दफा ४.६ को उपदफा (३) बमोजिम जानकारी गराईन्छ ।

सहिः

नामः

दर्जाः

निर्देशक/अध्यागमन

अधिकृत/अनुगमन टोलिका

संयोजक/सदस्य

मितिः

## अनुसूची २

## (दफा ४.६ को उपदफा (३) संग सम्बन्धीत)

खानतलासी तथा बरामदी मुचुल्काको ढाँचा

लिखितम ............................... देश स्थायी घर भई हाल ....................................... बस्ने ..................................... को छोरा/छोरी पासपोर्ट नं. ................... वाहक वर्ष ...... को शरिर/घर/स्थान कानूनको रित पुर्याई खानतलासी गर्दा तपाईको शरीर/घर/होटल/लज/रिसोर्ट स्थानमा देहायबमोजिमको पासपोर्ट/नगद/मालवस्तु/कागजात/प्रमाण फेला परेकोले सो पासपोर्ट/नगद/मालवस्तु/कागजात/प्रमाणहरु अनुसन्धानको लागि बरामद गर्नुपर्ने भएकोले मुचुल्का गरी दिनुहोस भनी अनुरोध गर्दा हाम्रो चित्तबुझ्यो । त्यसमा तपसीलमा लेखिएको ब्यहोरा ठिक साँचो हो भनी यो मुचुल्का तयार गरी अध्यागमन विभाग/कार्यालय मार्फत नेपाल सरकारमा चढायौं ।

१. खानतलासी गर्दा फेला परेका पासपोर्ट /नगद/मालवस्तु/कागजात/प्रमाणहरुको विवरणः

क.

ख.

ग.

२. बरामद गरी लगेका पासपोर्ट/नगद/मालवस्तु/कागजात/प्रमाण (दशी)हरुको विवरणः

क.

ख.

ग.

३. खानतलासी गराई दिने ब्यक्ति (पासपोर्ट..................... वाहक..........................)

क.

ख.

ग.

४. घर/होटल/लज/रिसोर्ट/धनि वा निजको प्रतिनिधि ..........................................

५. स्थानीय तहका प्रतिनिधि (उपस्थित भएमा)

क.

ख.

ग.

६. देखे बमोजिम सही छाप गर्ने व्यक्तिहरु र साक्षीहरुः

क.

ख.

ग.

७. बरामद भएको सामानको भर्पाई बुझ्नेः

बरामद पासपोर्ट/नगद/मालसामान/प्रमाणको भरपाई बुझाई माथि उल्लिखित बरामद भएका पासपोर्ट/चिजवस्तु लिई गएको ठिक साँचो हो ।

काम सम्पन्न गर्ने

क. ..................................................... को प्रतिनिधि .................................................

ख. ..................................................... को प्रतिनिधि .................................................

ग. ..................................................... को प्रतिनिधि .................................................

घ. ..................................................... को प्रतिनिधि .................................................

ईति सम्बत् .......................... साल ................... महिना ............ गते रोज ............. शुभम्

**अनुसूची ३**

**(दफा ४.६ को उपदफा (३) संग सम्बन्धीत)**

बरामदी मुचुल्काको भर्पाई

नेपाल सरकार

गृह मन्त्रालय

अध्यागमन विभाग, काठमाण्डौं

बादि नेपाल सरकार प्रतिबादी ............................................ भएको ............ मुद्दाको अनुसन्धान तहकिकातको सिलसिलामा बरामद गरिएका तपसिल बमोजिमका पासपोर्ट लगाएतका कागजात/मालसामान/सूचना/प्रमाण बुझिलिई यो भरपाई गरिदिएका छौं ।

<u>सामानको विवरणः</u>

१.

२.

३.

१. अनुगमन टोलीका सदस्यहरुः

क.

ख.

ग.

२. अध्यागमन अधिकृतहरुः

क.

ख.

ग.

३. कर्मचारीहरुः

क.

ख.

ग.

**अनुसूची ४**

**(दफा ४.६ को उपदफा (३) संग सम्बन्धीत)**

थुनुवा पुर्जी

नेपाल सरकार

गृह मन्त्रालय

अध्यागमन विभाग, काठमाण्डौं

प.स.

च.नं.

मितिः .........................

श्री .........................................

पासपोर्ट नं. ...............................

**विषयः <u>थुनुवा पूर्जी सम्बन्धमा ।</u>**

बादी नेपाल सरकार प्रतिबादी तपाई भएको .............................. मुद्दामा अनुसन्धान तहकिकातको लागि तपाईलाई थुनामा राख्नुपर्ने भएकोले अध्यागमन ऐन, २०४९ को दफा ८(२) तथा मुलुकी ऐन अ.ब.१२१ न. बमोजिम यो थुनुवा पूर्जी दिईएको ब्यहोरा जानकारी गराइन्छ ।

सहिः

अनुसन्धान अधिकृत

नामः

दर्जाः

मितिः

## अनुसूची ५
## (दफा ४.६ को उपदफा (४) संग सम्बन्धीत)
अनुगमन प्रतिवेदनको ढाँचा

१. अनुगमनको विवरण
   १.१ विषय
   १.२ सम्बन्धित व्यक्तिको नाम, थर र ठेगाना
   १.३ कारवाहीका लागि पठाउने निकाय
   १.४ संलग्न प्रमाण/कागजातहरु
      क. पासपोर्ट नं. ख. नागरिकता नं. ग. अन्य
   १.५ सम्बन्धित व्यक्तिको भनाईः

२) अनुगमनको विवरणः
   २.१ अनुगमन अन्तर्गत गरिएका कार्यहरु
   २.२ अनुगमनबाट देखिएको व्यहोरा

३) हालको स्थितिः
   क. वैधानिक राहदानी
   ख. नेपाली भिसा
   ग. अन्य

श्रीमान्,
उपर्युक्त विवरणका आधारमा देहाय बमोजिम निर्णयका लागि पेश गरेका छौ ।
क.
ख.
ग.

अनुगमन टोलीका सदस्यहरुः
क.
ख.
ग.

## अनुसूची ६
### (दफा ४.६ को उपदफा (४) संग सम्बन्धीत)
अनुगमन चेक लिस्ट

**पर्यटक भिषाः (Tourist Visa)**

| | | | | |
|---|---|---|---|---|
| वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |
| नेपाली भिसा | ☐ | | ☐ | |
| नेपाली भिसाको समयावधि | ☐ | | ☐ | |
| नेपालमा Overstay | ☐ | | ☐ | |
| अन्तिम पटक भिसा म्याद थप भएको मितिः | ☐ | | ☐ | |
| भिसा Category परिवर्तन | ☐ | | ☐ | |

**ब्यवसायिक भिषाः (Business visa)**

| | | | | |
|---|---|---|---|---|
| वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |
| नेपाली भिसा | ☐ | | ☐ | |
| नेपाली भिसाको समयावधि | ☐ | | ☐ | |
| अन्तिम पटक भिसा म्याद थप भएको मितिः | ☐ | | ☐ | |
| भिसा Category परिवर्तन भए कर चुक्ता | ☐ | भएको | ☐ | नभएको |
| उद्योग नाफामा | ☐ | गएको | ☐ | नगएको |

आश्रित परिवारसँख्या कति जना?, ______ (नाता सहित नाम/नामेसी सहित खुलाउने)

७.१
७.२
७.३
७.४

व्यवसाय प्रतिनिधिहरु कति जना? नाम सहित (नाम/नामेसी सहित खुलाउने)

८.१

८.२

**व्यवसाय सम्बन्धीः**

व्यवसायको नाम/ठेगानाः ________________________________________

व्यवसायको प्रकारः संयुक्त/एकल

१०.१. संयुक्त भएमा _______ जम्मा लगानीकर्ता______ नेपाली ______विदेशी

१०.२. नामः देशः लगानी रकमः

पान नं. भ्याट नं.

कुल लगानीः _____________

स्थिर पूँजीः _____________ चल पूँजीः _____________

अन्तिम पटक व्यवसाय निरीक्षण भएको मितिः

व्यवसाय निरीक्षण गर्ने निकाय र पदाधिकारीको नाम दर्जाः

व्यवसायको किसिमः

कामदारहरुको संख्याः जम्मा________ नेपाली ______ विदेशी_______

**नाता सम्बन्धि भिषाः (Relation Visa)**

| | | | | |
|---|---|---|---|---|
| वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |
| नेपाली भिसा | ☐ | | ☐ | |
| नेपाली भिसाको समयावधि | ☐ | | ☐ | |
| अन्तिम पटक भिसा म्याद थप भएको मितिः | ☐ | | ☐ | |
| भिसा Category परिवर्तन | ☐ | गरेको | ☐ | नगरेको |

नाता प्रमाणितः ____________________________________________

आश्रित परिवार संख्याः __________ (नाम/नामेसी सहित खुलाउने)

**गैरपर्यटक (कार्य) भिसा (Working Visa)**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |
| २. | नेपाली भिसा | ☐ | | ☐ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | नेपाली भिसाको समयावधि | ☐ | | ☐ | |
| ४. | अन्तिम पटक भिसा म्याद थप भएको मितिः | ☐ | | ☐ | |
| ५. | भिसा Category परिवर्तन | ☐ | गरेको | ☐ | नगरेको |
| ६. | अन्तिम पटक श्रम स्वीकृती (Labour Permit) | ☐ | लिएको | ☐ | नलिएको |
| ७. | पारिश्रमिक | ☐ | पाउने | ☐ | नपाउने |

कुन कम्पनी/उद्योग/संघ, संस्थामा कार्यरत रहेको ?

______________________________________________________________

श्रम प्रकृतिः विज्ञ, सामान्य, थप

**वैवाहिक भिसा (Marriage Visa)**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |
| २. | नेपाली भिसा | ☐ | भएको | ☐ | |
| ३. | नेपाली भिसाको समयावधि | ☐ | भएको | ☐ | |
| ४. | अन्तिम पटक भिसा म्याद थप भएको मितिः | ☐ | भएको | ☐ | |
| ५. | भिसा Category परिवर्तन | ☐ | | ☐ | |

६. विवाह दर्ता प्रमाण-पत्र कहाँबाट जारी भएको

६.१. जिल्ला प्रशासन कार्यालय (खुलाउने) _______________________________

६.२. राजदुतावास (खुलाउने) ______________________________________

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |
| ९. | नेपाली भिसा | ☐ | | ☐ | |
| १०. | नेपाली भिसाको समयावधी | ☐ | | ☐ | |
| ११. | नेपालमा Overstay | ☐ | | ☐ | |

| | | | | |
|---|---|---|---|---|
| १२. अन्तिम पटक भिसा म्याद थप भएको मितिः | ☐ | | ☐ | |
| १३. भिसा Category परिवर्तन | ☐ | | ☐ | |

**. अध्ययन भिसा (Study Visa)**

| | | | | |
|---|---|---|---|---|
| १. वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |
| २. नेपाली भिसा | ☐ | भएको | ☐ | नभएको |
| ३. नेपाली भिसाको समयावधि | ☐ | भएको | ☐ | नभएको |
| ४. अन्तिम पटक भिसा म्याद थप भएको मितिः | ☐ | भएको | ☐ | नभएको |
| ५. भिसा Category परिवर्तन | ☐ | गरेको | ☐ | नगरेको |
| ६. शिक्षा मन्त्रालयको स्वीकृति | | भएको | | नभएको |

७. कुन शैक्षिक संस्थामा आवद्ध/अध्ययनरत रहेको? ______________________

८. अध्ययन संस्थामा छात्रवृति/शुल्क ________________________________

**७. एजेन्सी (Agency )**

**संस्थाका लागि**

| | | | | |
|---|---|---|---|---|
| १. Trekking Agency दर्ता | ☐ | भएको | ☐ | नभएको |
| २. आवश्यक मापदण्ड | ☐ | पुर्याएको | ☐ | नपुर्याएको |

३. यस भिसा वर्षमा यस एजेन्सीबाट कुल Trekking गराइएको ब्यक्तिहरुको सँख्या (देश अनुसार )

३.१ देश सँख्याः

**ब्यक्तिका लागि**

| | | | | |
|---|---|---|---|---|
| १. वैध राहदानी | ☐ | भएको | ☐ | नभएको |

| | | |
|---|---|---|
| २. नेपाली भिसा | | |
| ३. नेपाली भिसाको समयावधि | | |
| ४. अन्तिम पटक भिसा म्याद थप भएको मितिः | | |

**८. गैरआवासीय भिषाः (NRN Visa):**

| | | |
|---|---|---|
| १. वैध राहदानी | भएको | नभएको |
| २. नेपाली भिसा | | |
| ३. नेपाली भिसाको समयावधि | | |
| ४. अन्तिम पटक भिसा म्याद थप भएको मितिः | | |
| ५. भिसा Category परिवर्तन | | |